प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर

प. सं. २०७७/७८

च. नं. ३८८

मिति २०७७।१२।०९

**विषयः आ.व.२०७८/०७९ मा समपूरक अनुदानबाट सञ्चालन गरिने आयोजनाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

श्री स्थानीय तहहरु, सबै
प्रदेश नं. १ ।

प्रस्तुत विषयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन समेत) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लागि उक्त कार्यविधि बमोजिम समपूरक अनुदान प्राप्त गर्न ग्राह्य बढीमा २ (दुई) आयोजना/कार्यक्रमको प्रस्ताव प्रदेश सरकार र स्थानीय तहको समेत लागत सहभागिता हुने गरी तपसिल बमोजिमका विवरण सहित **चैत्र मसान्त** भित्र http://bit.ly/mg78-79 मा गई वा मन्त्रालयको वबेसाईट (moeap.p1.gov.np) मा गएर **विद्युतीय माध्यमबाट** प्रस्ताव पेश गर्नहुन अनुरोध छ। साथै, चैत्र मसान्त भित्र आयोजना/कार्यक्रमको प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई समपूरक अनुदान प्रदान नगरिने व्यहोरा समेत अनुरोध छ। थप जानकारीको लागि यस मन्त्रालयको वित्त व्यवस्थापन महाशाखाको फोन नं. ०२१-५७११४० वा इमेल **revenuedivision.moeap1@gmail.com** मा समेत सम्पर्क गर्न सक्नुहुनेछ ।

तपसिल

१. आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदन,
२. आयोजना/कार्यक्रमको कुल लागत अनुमान सारांश,
३. आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,
४. आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,
५. आयोजना/कार्यक्रमको कुल लागत मध्ये प्रदेश सरकार, नेपाल सरकार वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,
६. स्थानीय तहको सभाले प्रदेश सरकार समक्ष समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी,
७. आयोजना सम्पन्न गर्न लाग्ने समय (चालु आ.व.मा प्रदेश सरकारको समपूरक अनुदानमा सञ्चालनमा रहेका बहुवर्षीय प्रकृतिका आयोजनाहरुलाई निरन्तरता दिन सकिनेछ । सोको वित्तीय तथा भौतिक प्रगतिको विवरण समेत समेत अपलोड गर्नुपर्नेछ ।)

..................................
(गोबिन्दराज आचार्य)
उपसचिव

उपसचिव